माादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा , कास्की
गण्डकी प्रदेश
माादी गाउँपालिका


प.सं २०८०/०८१
च.नं

मितिः२०८१/०३/१२

माादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थुमाकोडाँडा, कास्की गण्डकी प्रदेश, नेपाल

## विज्ञप्ति

गएको रातदेखि देशैभर भइरहेको अविरल वर्षाको कारण मिति २०८१ साल असार १२ गते राती करिव १:०० वजे कास्की जिल्ला मादी गाउँपालिका वडा नं ५ अन्तर्गत चितेपानी वस्तीमा गएको पहिरोको कारण प्रकाश रानाभाटको १३ वर्षिया छोरी आयुष्मा रानाभाटको अकल्पनिय निधनले मादी गाउँपालिका मर्माहत भएको छौ। यस दुःखद घडीमा शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदनाका साथै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछौं ।शोकाकुल परिवारलाई धैर्य धारण गर्ने क्षमता प्राप्त होस् भन्ने कामना गर्दछौं साथै गाउँपालिका यहाँहरुको साथमा रहेको जानकारी गराउँदछौं र आवश्यक सहयोगको प्रतिवद्धता व्यक्त गर्दछौं।

देशभर नै यस वर्षको मनसुन प्रवेश गरिसकेको र यस वर्ष विगतका वर्षहरुमा भन्दा बढी वर्षा हुने र विपदका घटनाहरु निम्तिन सक्ने मौसम विभागको आँकलन समेत रहेको हुँदा गाउँपालिका वासी सवै नागरिकहरु सचेत र सजक रहनुहुन अनुरोध गर्दछौं । विपदजन्य घटना हुनु भन्दा अघि र पछि आवश्यक सूचना र उद्धारका लागि वडा स्तरीय तथा गाउँपालिका स्तरीय विपद व्यवस्थापन समिति, सुरक्षाकर्मी, संघ संस्थाहरु र आम नागरिकहरु तत्परताका साथ सरिक भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं । वर्षादको समयमा बाटो अवरोध हुन सक्ने हुँदा अत्यावश्यक कार्यमा वाहेक लामो यात्रामा नजान र जानै परे सचेतपूर्ण रुपमा तयारीका साथ जानुहुन पनि आग्रह गर्दछौं। खोला नदीको किनार र भिरालो जमिनका वासिन्दाहरु विशेष सतर्क अवस्थामा रहनुहुन हार्दिक अपिल गर्दछौं ।

.............................................
देवी जङ्ग गुरुङ

**देवीजङ्ग गुरुङ**
**अध्यक्ष**



मोबाईल : ९८५६०७२६०१,९८५६०७२६०२,९८५६०७२६०० Web Site :madimunkaski.gov.np ईमेल : madiruralmunicipality@gmail.com